मन्थली नगरपालीका
नगरकार्यपालीकाको कार्यालय
पशु सेवा शाखा
बागमती प्रदेश नेपाल

# सूचना । सूचना ॥ सूचना ।॥

( दोश्रो पटक सूचना प्रकाशित मिति : २०७७।०७।१३ गते)

मंन्थली नगरपालिका पशु सेवा शाखाको आ.व. २०७७।०७८ को प्रथम चौमासिक अबधिमा दुधमा आत्मनिर्भर कार्यक्रम (सुत्केरी भैसीलाई सुत्केरी स्याहार प्रोत्साहन भत्ता अनुदानमा उपलव्ध गराउने ) अर्न्तरगत मंन्थली नगरपालिका भित्र स्थायी वसोवास गर्ने दर्ता भएका भैसि फार्म / समुह / कृषक हरूका लागि गाई भैसीलाई सुत्केरी पशु आहारा भत्ता अनुदान कार्यक्रम संन्चालन कार्यविधि २०७३ को अधिनमा रहि यस आ.ब.को शुरू महिना देखि सूचनाको म्याद भित्र सुत्केरी भएका भैसीहरूलाई सुत्केरी स्याहार प्रोत्साहन भत्ता अनुदान उपलव्ध गराउने कार्यक्रम रहेको हुदा यस मंन्थली नगरपालिकाको पशु सेवा शाखाले मिति २०७७।०६।०६ गतेका दिन प्रथम पटक ३० दिने सुचना प्रकाशित गरि प्रस्ताव माग गरेकोमा तोकिएको सूचनाको म्याद भित्र प्रर्याप्त प्रस्तावहरू पेश हुन नआएको हुदा यो दोश्रो पटकको सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७७।०७।२७ गते) भित्र तपसिल बमोजिमका आवश्यक कागजात सहित प्रस्ताव पेश गर्न हुन पूनः जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । मापदण्ड नपुगेका र म्याद पछि प्राप्त भएका, र बढिमा ३ माउ भैसी भन्दा बढि संख्यामा प्राप्त भएका प्रस्तावहरू छनौट प्रक्रियामा समावेश गरिने छैन ।

तपसिल :

१) तोकिए अनुसारको ढांचामा निवेदन पत्र ।

२) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

३) सम्बन्धित भैसी धनी कृषकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

४) मान्यता प्राप्त पशु विमा कम्पनीबाट भैसी बिमा गराएको पोलिसिको प्रतिलिपी ।

५) सुत्केरी भएको भैसीको (माऊ र पाडा / पाडी सहितको) फोटो ।

थप जानकारीको लागी : कार्यालयको वेवसाइट www.manthalimun.gov.np बाट हेर्न वा यस कार्यालयको पशु सेवा शाखामा संम्पर्क राख्न हुन अनुरोध छ ।